
भोजपुरको देवानटार गाविस-७ का देवेन्द्र राईको हत्यासम्बन्धी

# स्थलगत अध्ययन प्रतिवेदन

२०६२



प्रतिवेदन सार्वजनिक भएको मिति २०६२ फागुन ११ गते, ललितपुर

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

## स्थलगत अध्ययनमा संलग्न टोलीको नामावली

१) दीपेन नेउपाने – इन्सेक, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर

२) विक्रम लामिछाने – सिमानाविहीन मानवअधिकार-नेपाल, काठमाडौं

३) अनुज चापागाँई – शान्तिका लागि साझा अभियान, काठमाडौं

४) बालकृष्ण आचार्य – जनवकालत मञ्च-नेपाल, विराटनगर

५) हेमन्तराज न्यौपाने – नेपाल बार एसोसिएसन, विराटनगर

घटना मिति : २०६२ पुस २१ गते विहीबार, बिहान ९.०० बजे

अध्ययन गरिएको स्थान : भोजपुरको रानीबास गाविस-८ र देवानटार गाविस-७

अध्ययन अवधि : २०६२ माघ २२ गतेदेखि २०६२ फागुन २ गतेसम्म

# प्राक्कथन

हिंसात्मक द्वन्द्वको चपेटामा पिल्सिएको देशका विभिन्न भागमा राज्य र माओवादी पक्षबीच हुने गरेका भिडन्त र सुरक्षा कारवाहीको मारमा युद्धरत पक्षमात्र प्रभावित भएका छैनन् । सुरक्षा कारवाही वा सरक्षाफौज र माओवादीबीच भएका भिडन्तमा निशस्त्र र सशस्त्र द्वन्द्वसँग कुनै सम्बन्ध नभएका व्यक्तिहरू पनि पिसिने गरेका छन् । यसको पछिल्लो उदाहरण बनेका छन् सुरक्षाफौजबाट २०६२ पुस २१ गते मारिरएका देवेन्द्र राई । भोजपुरको रानीबास गाविस-८ हतुवागढीस्थित सुरक्षाफौजको बेसक्याम्पले कब्जामा लिएपछि देवेन्द्र राईको हत्या गरिएबाट नेपालमा मानवअधिकारप्रति राज्य संवेदनशील नभएको तथ्य अझ स्पष्ट भएको छ ।

सुरक्षाफौजले कब्जामा लिएपछि हत्या गरेर मृत्यु भएको भनिएका देवेन्द्र राईका बारेमा मानवअधिकार, मानवीय कानुन र नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्याभूत गरेका आधारभूत नागरिक हकहरूको स्थितिको स्थलगत अध्ययन अनुगमन गरी प्रतिवेदन तयार गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोली घटनास्थल गएको थियो ।

टोलीले घटनास्थलको अध्ययन गरी त्यस घटनामा मानवअधिकार र मानवीय कानुनको कसरी हनन् गरियो भन्ने तथ्यलाई निष्पक्षरुपमा वस्तुनिठ भएर यो प्रतिवेदन तयार गरेको हो । घटनामा दोषी देखिएकाहरूलाई दण्डको भागिदार बनाउन र पीडितलाई क्षतिपूर्ति दिलाउन मानवअधिकार पक्षधरबाट अनवरत प्रयास गरिनुपर्ने आवश्यकता रहेको छ । मानवअधिकारको समग्र स्थिति नाजुक बन्दै गएको यतिबेलाको नेपालमा युद्धको बहानामा जनताका आधारभूत अधिकार खोसिने र दण्डहीनता  अझै बढ्दै जाने निश्चित छ ।

यो प्रतिवेदनमा प्रस्तुत गरिएको भोजपुरको घोडेटारको घटनामा राज्यपक्षले एक जना सर्वसाधारणको गैरन्यायिक हत्या गरेको देखिएको छ । राज्यले निर्दोष नागरिकलाई बाँच्न पाउने अधिकारबाट वञ्चित गरी आफूले गरेको अधिकार उल्लंघनलाई ढाकछोप गर्न खोजेको देखियो । राज्यबाट पीडितको परिवारलाई क्षतिपूर्तिको व्यवस्था गरिएको छैन । घटनाका सम्बन्धमा राज्य संयन्त्रबाट आपसमा बाझिने प्रतिक्रिया आएको छ । नियन्त्रणमा लिएर हत्या गरिएका भोजपुर देवानटार गाविस-७ का २१ वर्षीय देवेन्द्र राईलाई माओवादी भनिएको छ । तर सुरक्षाफौजको यस्तो दावीको पुष्टी भएको छैन ।

# कार्यकारी सारांश

भोजपुर देवानटार गाविस-७ राहादुङ टोल लुंगीनका २१ वर्षीय देवेन्द्र राईलाई २०६२ पुस २१ गते रानीबास गाविस-८ घोडेटारस्थित हतुवागडीमा रहेको संयुक्त सुरक्षा बेसक्याम्पको पश्चिम चेकपोष्टबाट नियन्त्रणमा लिइयो । सुरक्षाफौजले माओवादीको आशंकामा नियन्त्रणमा लिएका राईको सुरक्षाफौजको हिरासतमा मृत्यु भएको जानकारी दिइयो । राईको मृत्युबारे स्थानीयबासी र पीडितको परिवारलाई कुनै जानकारी गराइएन ।

लासको पोर्ष्टमार्टमका लागि जिल्ला सदरमुकाम भोजपुरस्थित जिल्ला अस्पतालमा ल्याइयो । सो अस्पतालका डा. भवानी शर्माद्वारा पोर्ष्टमार्टम गरिएपछि पनि लास सद्गतका निम्ति सुरक्षा निकायले परिवारलाई बुझाएन ।

लासको पोष्टमार्टमपछि भोजपुर गाविसका सचिवलाई जबर्जस्ती लास बुझाइयो र स्थानीय एक व्यक्तिलाई जिल्ला प्रहरी कार्यालयले तीन हजार रुपैयाँ ज्याला दिएर राईको लास पुरियो ।

सुरक्षाफौजले देवेन्द्र राईको हिरासतमा मृत्यु भएको बताए पनि स्थानीय सर्वसाधारण, मृतकको परिवार, जिल्ला प्रशासन कार्यालय, भोजपुर, राईको लासको पोष्टमार्टम गर्ने चिकित्सक र स्थानीय संघसंस्थाका प्रतिनिधिसँगको कुराकानी र अध्ययनबाट राईलाई सुरक्षाफौजले नियन्त्रणमा लिएर चरम यातना दिई सोही दिन हत्या गरेर सैनिक हेलिकप्टरबाट सदरमुकाम लगेको पाइयो ।

# SUMMARY

Devendra Rai, 21, of Lungin, Rahadung Tole of Devantar VDC-7 was taken into custody on January 5 from the western check post of the unified security base camp in Hatuwagadi, Ghodetar of Ranibas VDC-8. The security forces revealed later on that Rai who was arrested on the suspicion of being a Maoist, had died in the custody. Family members of the deceased and locals were not informed about the incident.

Rai's body was taken to Bhojpur District Hospital (BDH) for postmortem. Dr Bhawani Sharma conducted postmortem and the body was buried by security persons. They did not hand over the dead body to the family members.

After postmortem, Bhojpur VDC Secretary was forced to accept the corpse. A local was paid an amount of Rs 3,000 by the District Police Office for the burial.

Despite the security forces' claim of Rai's death in the custody, while analyzing the facts and discussions with and among locals, victim's family members, District Administration Office, Bhojpur, the doctor who conducted postmortem and representatives of local organizations, the deceased was found to have died of severe torture inflicted upon him on that same day of his arrest and was airlifted to Bhojpur district headquarters.

Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)

Secretariat: INSEC

23 February 2006

# घटना विवरण

रानीबास गाविसको घोडेटारस्थित हतुवागढी संयुक्त सुरक्षाफौजको आधार शिविरबाट उत्तरमा अढाइ कोस टाढा देवानटार, दक्षिणमा होमताङ, पूर्वमा बासीखोरा र पश्चिममा खैराङ गाविसहरू पर्दछन् । घोडेटारको हतुवागढी जिल्ला सदरमुकाम भोजपुरबाट १२ कोस अर्थात् एक दिनको पैदल दूरीमा पर्दछ । धनकुटा जिल्लाको हिलेबजारबाट पनि घटनास्थल १२ कोस टाढाको दूरीमा पर्दछ ।

देवानटार गाविस-७ राहादुङ टोल लुंगीनका २१ वर्षीय देवेन्द्र राईलाई २०६२ पुस २१ गते रानीवास गाविस-८ घोडेटारस्थित हतुवागडीस्थित संयुक्त सुरक्षा बेसक्याम्पको पश्चिम चेकपोष्टबाट सुरक्षाकर्मीद्वारा माओवादीको आशंकामा नियन्त्रणमा लिइयो । माओवादी गतिविधिमा कुनै संलग्नता नरहेका राईलाई माओवादीको आशंकामा कब्जामा लिइएको हो । कृषि पेशा र धनकुटा, भोजपुर र धरानमा भरियाको रुपमा काम गर्दै आएका राईको माओवादी आन्दोलनमा कुनै संलग्नता नरहेको पीडित परिवार र स्थानीय बासिन्दाले बताए । तर सुरक्षाफौजले कब्जामा लिएपछि यातना दिएर उनको हत्या गरेको देखियो ।



देवेन्द्र राई, पोष्टमार्टमपछिको लास

हतुवागडी सुरक्षा बेसक्याम्पले राईलाई पक्राउ गर्दा कम्ब्याट ड्रेस एक थान, थ्री नट थ्री राइफलको गोली दुई थान, काँसको थाल दुई थान, चाउचाउ, रेडियो, घडी र नगद १ हजार ६ सय ६४ रुपैयाँ भेटिएका कारण राई माओवादी भएको सुरक्षाफौजको दाबी छ । घटनाका बारेमा जानकार तथा पीडितका बारेमा जानकारी राख्नेहरूको कथनबाट राई माओवादी नभएको र सुरक्षाफौजले गरेको दाबी असत्य देखिएको छ । जानकारहरूका अनुसार, राई कृषि पेशामा आवद्ध, फुर्सदको समयमा धनकुटामा काठ बोक्ने, पसलका लागि भारी बोक्ने गर्दथे । काठ बोकेर

कमाएको रकम र ५ किलो अलैचीको बिक्रीबाट जम्मा भएको रकमबाट उनले धनकुटाबाट घरका लागि काँसको दुई थान थाल, तेल, केही फोटो लिएर उनी २०६२ पुस २१ गते घर फर्किएका थिए । राईको परिवारका अनुसार उनी मारिनुअघि कुनै पनि राजनीतिक गतिविधिमा संलग्न थिएनन् ।

सुरक्षाफौजले राईलाई कब्जामा लिएपछि मुर्छा परेर उनको मृत्यु भएको बतायो । तर राई मारिनुअघि दैनिक ६०/६५ किलोको भारी बोकेर धरान-धनकुटा ओहोरदोहोर गर्ने गर्दथे । पोष्टमार्टम रिपोर्टले पनि राई निरोगी भएको पुष्टि गरेको छ । सो रिर्पोटमा ‘डेथ ड्यू टू द सक’ लेखिएको छ ।

घटनाका बारेमा सुरक्षा निकायबाट आपसमा बाझिने धारणा सार्वजनिक भयो । राईलाई कब्जामा लिने हतुवागडी बेसक्याम्पका क्याप्टेन दिनेश श्रेष्ठ र प्रहरी नायब निरीक्षक अरुण कुसवाले राईको लास २०६२ पुस २१ गते नै सदरमुकाम लगिएको बताए । तर भोजपुरस्थित कालिध्वज गणका गणपति नविन बस्नेतले राईलाई २०६२ पुस २१ गते कब्जा लिएर भोलिपल्ट अर्थात पुस २२ गते मात्र उनको लास सदरमुकाम ल्याइएको बताए । सुरक्षाफौजले राईबाट बरामद गरेका सामानमध्ये गोली र कम्ब्याट ड्रेसबाहेकका अन्य घरायसी प्रयोजनका सामग्रीहरु प्रहरीलाई बुझाइएको गणपति बस्नेतको भनाइ रहेको छ । तर, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नलप्रसाद उपाध्यायले भने राईबाट बरामद गरिएको भनिएका कुनै पनि सामाग्री प्रहरीले नबुझेको बताए । त्यसो त, भोजपुरका प्रमुख जिल्ला अधिकारी दिवाकर देवकोटाले घटनाका बारेमा आफूलाई जानकारी नभएको भन्दै अनभिज्ञता प्रकट गरे ।



मृतक देवेन्द्र राई

पोष्टमार्टमपछि राईको लास परिवारको जिम्मा नलगाइएको सम्बन्धमा सुरक्षाफौजले पीडितको परिवार सम्पर्कमा नआएकोले परिवारलाई बुझाउन नसकिएको बतायो । तर, राईको परिवार पुस

२५ गते घटना भएको स्थल गएर घर फर्किएको तथा पुस २८ गते पुनः गएको देखियो । २०६२ माघ २ गते भोजपुर सदरमुकाममा राजाको सवारी हुने खवरका कारण सुरक्षा अधिकारीले पीडित परिवारलालाई भेट नदिएको घोडेटारबासीको भनाई छ । हत्याको खवर सार्वजनिक हुने डरले गर्दा राईको लासलाई परिवारको जिम्मा नलगाइएको स्थानीयबासीको धारणा छ ।

लासको प्रकृति र चिकित्सकले जारी गरेको पोष्टमार्टम प्रतिवेदनका आधारमा देवेन्द्र राईलाई सुरक्षाफौजले कब्जामा लिएपछि चरम यातना दिएर हत्या गरेको देखियो । भोजपुरस्थित इन्सेक जिल्ला प्रतिनिधि ज्ञानेन्द्र खड्कालाई लास गाडिएको तीन दिनपछि माटो खोतलेर प्रहरीको रोहवरमा लासको फोटो खिच्न दिइयो । इन्सेक प्रतिनिधिले स्थानीय व्यक्तिको सहयोगमा लास उत्खनन् गरेर फोटो खिचेका थिए ।

राईको कुममा एउटा प्वाल परेको, छातीमा निलडाम, छाती चिरिएको (पोष्टमार्टम गर्दा), दुवै तिघ्रामा निलडाम रहेको लासको प्रकृतिबाट देखिएको छ ।



मृतक देवेन्द्र राईको नीलडाम भएको खुट्टा

# घटनाबारे सरोकारवालाको कथन

ईश्वरमान राई, (५० वर्ष)

*प्रधानाध्यापक, घोडेटारस्थित  सगरमाथा उच्च मावि*

देवेन्द्र राईलाई २०६२ पुस २१ गते विहान करिब ९.०० बजे पश्चिम चेकपोष्टमा पक्राउ गरिएको रहेछ । हामीलाई थाहा भएन तर २०६२ पुस २४ गते कान्तिपुर र अन्य सञ्चारमाध्यममा समाचार सम्प्रेषण भएपछि घोडेटारमा भएको घटना थाहा भयो । घटनाको बारेमा हामीले सेनासँग बुझ्दा सिन्द्राङ्गका देवेन्द्र राई हुन् भनेर बताइयो । भोलिपल्ट २०६२ पुस २५ गते सिन्द्राङ्गका नभएर देवानटारका देवेन्द्र राई भनियो । सोही दिन पीडित परिवार र देवानटार गाविसका मानिसहरू घोडेटारमा  भेला भएपछि घटनाको बारेमा स्पष्ट भयो । देवेन्द्र राई हत्याभन्दाअघि पनि हामीले चिनेका मानिस रहेछन् । उनले पत्र- मित्रताबाट ५-६ महिनाअघि विवाह गरी कृषि र मजदुरी गर्दै पारिवारिक जीवन निर्वाह गरेका थिए । कसरी उनको हत्या भयो ? किन यस्तो भयो ? भन्ने सर्न्दभमा हामी अनभिज्ञ छौं । तर २०६२ पुस २१ गते बिहान ९.०० बजे पक्राउ गरेर उनको मृत्यु भएको खबर सुन्दा हामी छक्क पर्‍यौं ।

२०६२ पुस २५ गते श्री सगरमाथा उच्चमाध्यमिक विद्यालय घोडेटारमा शिक्षक, वुद्धिजीवी, राजनीतिकर्मी, सुरक्षा निकायका मानिस र पीडित परिवार छलफलमा बसेका थियौं । देवेन्द्रलाई नियन्त्रणमा लिएपछि सुरक्षा निकायले कम्ब्याट हाफपेन्ट, गोली २ थान, काँचका थाल २ थान, चाउचाउ र नगद एक हजार छ सय चौसट्ठी रुपैया फेला पारिएको बताइयो ।

उनको यसअघि माओवादीमा संलग्नता थिएन । राई निर्दोष मान्छे भएका कारण मारेर भोजपुरमा लगी पोष्टमार्टम गरिएको होला । नत्र लास परिवार र आफन्तजनलाई किन जिम्मा लगाइएन सुरक्षा निकाय आफैंले हतार हतार किन लास दबाएको भन्ने प्रश्न सबैको मनमा छ । हामीले संयुक्त सुरक्षा बेसक्याम्पभित्रको घटना प्रत्यक्ष नदेखेको हुँदा यकिन साथ भन्न गाह्रो भएको छ ।

शिक्षक रमेश नेपाल

*श्री सगरमाथा उच्च मावि*

२०६२ पुस २१ गते पश्चिमपट्टीको चेकपोष्टमा देवेन्द्रलाई पक्राउ गरियो र कहाँ जानेभन्दा देवानटार भनेपछि छाडियो । तर, देवानटार जाने बाटो नगई अर्कै बाटो लागेपछि शंका गरी पुनः पक्राउ गरी चेकजाँच गर्दा एउटा कम्ब्याट हाफपेन्ट, राईफल बोकेको र तीन थान गोली भेटियो भनियो । मान्छे निर्दोष रहेको थाहा पाइयो । धनकुटाबाट अलैंची बेचेर फर्कंदा समातिएका रहेछन् ।

एक्सन राई, (१७ वर्ष)

*श्री सगरमाथा उच्च माविमा कक्षा १२ मा अध्ययनरत छात्र*

देवेन्द्र राई माओवादीमा लागेका मानिस होइनन् । सेनाले हर्ट एटक भई मरेको भनेको छ । थुनामा राति हेर्न जाँदा मरिराखेका थियो । माओवादी मै लागेको मान्छे भए पनि मान्छे मार्नु त भएन । कानुनबमोजिम कारवाही गर्नु पर्ने हो । नियन्त्रणमा लिएर मान्छे मार्न पाइदैंन ।

सरन्तीकला राई, (२२ वर्ष)

*मृतककी पत्नी, देवानटार गाविस- ७ राघुनटोल, लुङ्गीन*

देवेन्द्र राईसँग मेरो २०६२ बैशाख १६ गते पत्रमित्रताको माध्यमबाट सम्पर्क भई विवाह भएको हो । विधिवत रुपमा २०६२ साल मंसिर ८ गते विवाह सम्पन्न भएको हो । २०६२ पुस १० गते घरबाट धनकुटातर्फ दाउरा बोक्न भनी काकाससुरा नाता पर्ने दिलबहादुर राईसँग गएकोमा पुसको २५ गतेसम्म घर आउने कुरा भएको थियो । घरबाट जाँदा ५ केजी अलैंची लिएर जानु भएको थियो । उक्त अलैंचीको पैसा र दाउरा बोकी कमाएको पैसाले घर फर्कदा दुई थान काँचको थाल, फोटोको नेगेटिभ धुलाएर ल्याउने र घरमा चाहिने सामानसमेत किनेर ल्याउने भन्नु भएको थियो । सुरक्षाफौजले आफ्नो कब्जामा लिएर सिन्द्राङ्गको देवेन्द्र राईलाई नियन्त्रणमा लिएको भनी घटनाको बारेमा सबैलाई ढाँटेको रहेछ । कान्तिपुर एफ.एम.बाट माघ २४ गते समाचार आएपछि गाउँलेहरूले घटनाको बारेमा जानकारी पाए ।

मेरो श्रीमान विरामी थिएन । धनकुटा बजार र सुनसरीको चतरा बजारबाट घोडेटारसम्म ६०-६५ के.जी.को सामान बोकेर पैसा कमाउने गर्नुहुन्थ्यो । विवाहपश्चात् कुनै विरामी नभएको निरोगी व्यक्ति हुनुहुन्थ्यो । राजनीतिमा कतै पनि लाग्नु भएको थिएन । यो घटनापछि पुस २५ गते २ बजे हतुवागढी गएर श्रीमान्को लास लिन सेनासँग अनुरोध गरें । सेनाका मान्छेले पुस २१ गते विहान ९ बजे बेसक्याम्पको पश्चिमपट्टिको चेकपोष्टमा शंका लागि सोधपुछका क्रममा नियन्त्रणमा लिइएको बताए । चेकजाँचका क्रममा निजको झोलाबाट काँचको २ थान थाल, २ थान गोली, कम्ब्याट हाफपेन्ट, चाउचाउ, नगद रु १ हजार ६ सय ६४ रुपैंया र फोटो फेला परेको बताए । मेरो श्रीमान् नियन्त्रणमा लिएपछि सोधपुछ गर्दा अत्यन्तै डराएर बेहोस भएकाले सोही दिन ३ बजे हेलिकप्टरबाट उपचारका लागि सदरमुकाम भोजपुरतर्फ लगिएको र सोको भोलिपल्ट मृत्यु भएको सेनाले बताए । उहाँलाई सदरमुकामतर्फ लगिएकोले लास दिन नसक्ने बताएका थिए । त्यसपछि हामी पुस २६ गते घर फर्कियौं । २०६२ माघ ४ गते सदरमुकाम गएर सेनासँग भेट गर्ने प्रयास गरियो तर भेट्न दिइएन । लास गाडिएको भनेपछि त्यहाँबाट भोलिपल्ट हामी घर फर्कियौं । श्रीमान्को फोटो देखाएनन् र दिएनन् पनि । मरेको भन्ने जानकारी कै आधारमा लास बिना काजक्रिया गऱ्यौं । तर, लास नपाइएकाले संस्कारअनुरुपको काजक्रिया गर्न पाइएन ।

मैना राई, (४१ वर्ष)

*मृतककी आमा, देवानटार गाविस-७*

२०६२ साल पुस १० गते मेरो छोरो काठको कामका लागि घरबाट ५ के.जी. अलैची, एक थान रेडियो, एक थान घडी र तौलिया लिएर बिहान ७:०० बजे घरबाट हिँडेको हो । घर आउँदा दुई थान काँचको थाल र तेल १-२ लिटर ल्याउनु भनेको थिएँ । उसले पुस २५-२६ गतेसम्म घर फर्कने कुरा गरेको थियो । ऊ कहिल्यै जाँड रक्सी नखाने, घरमै डोको नाङ्लो बुन्ने, घर खेतीको काम गर्ने साह्रै इमान्दार थियो । उसको बुबा ४० वर्षीय बलबहादुर राई १०-१२ वर्षअघि नागालैण्ड (कोइला खानी) मा काम गर्न भनी गएकोमा हालसम्म चिठी, चपेटा, फोन केही गरेका छैनन् । मरे या बाँचेको केही थाहा छैन ।

२०६२ पुस २१ गते मेरो छोरा घर फर्कने क्रममा रानीबास गाविसस्थित हतुवागढी बेस क्याम्पका सुरक्षाकर्मीले बिहान ९.०० बजेको समयमा चेकजाँच गर्दै नियन्त्रणमा लिएछन् । नियन्त्रणमा लिई हत्या भएपछि २०६२ पुस २४ गते एफएमबाट समाचार सुनेर त्यसपछिमात्र गाउँका मानिसले मलाइ सुनाउँदा थाहा भएको हो । पुस २५ गते घटनाको बारेमा बुझ्नको लागि तल्लो घरको

बाजे सुभानसिंह राई र छिमेकी जसनारायणलाई लिएर घोडेटार हतुवागढी संयुक्त सुरक्षा बेसक्याम्प गइयो । सेनासँग सोधपुछ गर्दा देवेन्द्र राईको मृत्यु भएको जानकारी गराए । त्यसपछि हामी घर फर्कियौं । पुनः भोलिपल्ट पुस २६ गते म सहित गाउँका मानिसहरु घोडेटार बेसक्याम्प गई बुझ्दा छोराको मृत्यु भएको भन्ने जानकारी पायौं । बेलुकी घोडेटार बजारमै बस्यौं र बेलुकी खानाको पैसा हामी तिर्छौं भनी सुरक्षाकर्मीले भन्दा आफ्नो निर्दोष छोरा त मारियो भन्यौं र आफूले खाएको पैसा आफैले तिर्‍यौं ।

२०६२ पुस २८ गते गाउँबाट २०-२२ जना (निवर्तमान गाविस अध्यक्ष राजेश राईसहित) सुरक्षा निकायसँग सोधपुछ गर्न गएका थियौं । लासको दाहसंस्कार गरिसकिएको जानकारी दिएपछि सगरमाथा उच्चमाविको स्रोत केन्द्रको सभाकक्षमा स्थानीय वुद्धिजीवी र सुरक्षानिकायका मानिसहरूबीच कुरा भयो । छोराको हड्डी र छाला भए पनि हामी परिवारले पाउनुपर्‍यो भन्दा सुरक्षाका मानिस नाजवाफ भएका थिए । घटना के, कहाँ भएको भन्दा त्यो पनि केही बताएनन् । छोरा निर्दोष हो । कुनै राजनीतिक पार्टीमा संलग्न थिएन । सोझो-सिधा मानिसलाई आर्मीले माओवादीको आरोपमा नियन्त्रणमा लिएर हत्या गरेकोले दोषीलाई कडाभन्दा कडा कारवाही हुनु पर्छ । हामीले उचित क्षतिपूर्तिसमेत पाउनुपर्छ । मेरो छोराले ८ कक्षा पास गरेर ९ कक्षा पढ्दापढ्दै छोडेको हो । छोराले नै व्यवहार धान्दै आएको थियो । अब हामी परिवार विचल्लीमा परेका छौ ।

राकीमाया राई, (७९ वर्ष)

*मृतककी हजुरआमा, देवानटार गाविस-७*

पुस २५-२६ गते घर आउँछु भन्थ्यो । आउँदा खाने तेल १-२ लिटर लिएर आइज है भनेथैं । अहिले आउँछ कि भरे आउँछ भनी बाटो हेरिरहेकी छु तर खै के भयो, कता गयो । २०६२ पुस २१ गते मेरो नातिलाई पक्राउ गरी नियन्त्रणमा लिई हत्या गर्ने/मार्नेलाई कडाभन्दा कडा कारवाही गरी हामी परिवारलाई क्षतिपूर्ति दिनुपर्छ ।

अमरसिंह राई, (२० वर्ष)

*मृतकका साथी, देवानटार गाविस-७*

देवेन्द्र कुनै पनि राजनीतिक पार्टीको सदस्य रहेका थिएनन् । उनी पत्रमित्रतामा सौखिन थिए । त्यहीकारण उनको विवाह पनि पत्रमित्रताबाट भएको थियो । खेती र ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दै आएका निर्दोष व्यक्तिको हत्या गरिएको छ । सेनाले माओवादी हो भन्दै कम्ब्याट ड्रेस र गोलीसमेतको सामान बरामद गरेको भन्ने कुरा सबै असत्य हो । सुरक्षानिकायले घटनाको बारेमा कुनै जानकारी दिएन । यदि हामी गाउँलेहरूले रेडियोमा समाचार नसुनेको भए थाहा नै हुने थिएन । निर्दोष मानिसको हत्या गरेको हुँदा दोषीलाई कडा कारवाही गरी पीडित परिवारलाई उचित क्षतिपुर्ति दिलाइयोस् ।

स्थानीय मकालु प्राथमिक विद्यालयका शिक्षक एवं देवानटार गाविस-७ का ३१ वर्षीय सहरमानले पनि यस्तै धारणा राखेका थिए ।

दिनेश श्रेष्ठ

*क्याप्टेन, संयुक्त सुरक्षा बेसक्याम्प, रानीबास गाविस- ८ हतुवागढी*

२०६२ पुस २१ गते विहान ९ बजे पश्चिमपट्टिको चेकपोष्टबाट शंका लागि सोधपुछका क्रममा देवेन्द्र राईलाई नियन्त्रणमा लिइएको हो । चेकजाँचका क्रममा निजको झोलाबाट काँचको २ थान थाल, २ थान गोली, कम्ब्याट हाफपेन्ट, चाउचाउ, नगद १ हजार ६ सय ६४ र फोटो फेला परेको थियो । निजलाई नियन्त्रणमा लिएपछि सोधपुछका क्रममा अत्यन्तै डराएका कारण बेहोस भएकोले सोही दिन ३ बजे हेलिकप्टरबाट सदरमुकाम भोजपुर लगियो । भोलिपल्ट निजको मृत्यु भएको हो । निजको मृत्युको सम्बन्धमा हाम्रो उच्च निकायबाट हामीमाथि नै अनुसन्धान थालिएका कारण यसबारेमा थप केही भन्न मिल्दैन ।

पर्वतकुमार राई, (३८ वर्ष)

*संयोजक, मानवअधिकारका लागि नागरिक समाज, भोजपुर*

२०६२ पुस २१ गते उनी मारिएछन् । २२ गते थाहा भयो । २४ गते प्रमुख जिल्ला अधिकारी दिवाकर देवकोटाले मृतकको लास ल्याइएको जानकारी गराएका थिए । २०६२ पुस २६ गते ज्ञानेन्द्र खड्का, नवराज चर्मकार र म कालिध्वज गण गयौं । त्यहाँका कर्णेलले बेसक्याम्पका सैनिकले देवेन्द्रलाई नियन्त्रण लिएको बताए । र देवेन्द्रको हिरासतमा नै मृत्यु भएको स्वीकारे । देवेन्द्र माओवादीमा संलग्न नभएका र भरियाको रुपमा जीवन व्यतित गर्दै आएका नेपाली नागरिक हुन् । निर्दोष मान्छे मारिएका छन् । नियन्त्रणमा लिएपछि उनको यातना दिई हत्या गरिएको हो । घटनापछि २०६२ माघ ५ गते छानविन तथा कारवाही गरी पाउँ भनी मानवअधिकारका लागि नागरिक समाज भोजपुरलाई देवेन्द्र राईकी आमा मैनीमाया राईद्वारा निवेदन दिइएको छ ।

डा. भवानीप्रसाद शर्मा

*मेडिकल सुपरिटेन्डेट, भोजपुर जिल्ला अस्पताल*

देवेन्द्र राईको लासको पोष्टमार्टमका लागि २०६२ पुस २२ गते सुरक्षा नियकायबाट यहाँ ल्याएकोले मैले त्यही दिन ५ बजे पोष्टमार्टम गरेको हुँ । पोष्टमार्टमको रिपोर्ट जिल्ला प्रहरी कार्यालय पठाइएको छ । लासको पोष्टमार्टम गर्दा दाहिनेतिरको हाडड्ीमा घाउ देखिएको थियो । शरीरको पछाडिपट्टीको पाटोमा निलडाम रहेको छ । दाहिने कुम, हर्ट लिभरमा बाह्य चोट लागेको देखियो । ब्लड लस्ट नभएको देखियो, धेरै पिटाइ खाएमा यस्तो देखिन्छ । उनी पहिले विरामी भएको केही देखिएन । किनकि सबै सामान्य थियो ।

नविन बस्नेत

*गणपति कालीध्वज गण, भोजपर*

२०६२ पुस २१ गते घोडेटारस्थित बेसक्याम्पको चेक पोइन्टबाट पक्राउ परेको निज देवेन्द्र राईलाई २२ गते भोजपुर बजारमा सेनाको हेलिकप्टरले ल्याइएको हो । पक्राउ पर्दा निजको साथबाट केही सामानसमेत बरामद भएको छ । जसमा जुत्ता, कम्ब्याट, दुई राउण्ड गोली बरामद भएको थियो । कम्ब्याट र राउण्ड गोलीबाहेक अन्य सामान प्रहरीलाई बुझाइएको छ । कब्जामा लिएपछि पहिलो चरणको सोधपुछमा माओवादी भएको स्वीकार गरी बिदामा आएको भनेको र दोस्रो पटक सोध्न जाँदा मृत अवस्थामा फेला परेको थियो । सेनाले उ माओवादीमा लागेको पाएको थियो । उ कसरी मऱ्यो, थाहा भएन । तर उसलाई भोलिपल्ट भोजपुर ल्याइएको हो ।

लास परिवारले नपाउने कुरै थिएन, परिवार लास लिन नआएकोले नपाएको हो । यस घटनाको विषयमा छानबिन गर्न अनुसन्धान बोर्ड नै गठन भएको छ । र, यो विषयमा उच्चनिकायमा छानबिन भइरहेको छ ।

दिवाकर देवकोटा

*प्रमुख जिल्ला अधिकारी, भोजपुर*

म भर्खरै सरुवा भई आएकोले घटनाको विस्तृत विवरण थाहा भएन । घटनाको बारेमा प्रहरीबाट लिखित जानकारी नआए पनि मौखिक जानकारी तत्कालै आएको थियो । अनुसन्धान जारी रहेको छ । मृतकको बारेमा नियन्त्रण लिएपछि जानकारी गराइएको तर नजरबन्दमा राख्ने क्रममा मलाई जानकारी गराइएन । प्रशासनको क्यामेरा बिग्रिएका कारण मृतकको तस्विर लिन सकिएन । पीडित परिवारलाई खबर पठाउँदा पनि नआएपछि जिल्ला विकास समितिका प्रतिनिधि र गाविस सचिवको रोहवरमा दाहसंस्कार गरिएको हो ।

नलप्रसाद उपाध्याय

*प्रहरी उपरीक्षक, भोजपुर जिल्ला प्रहरी कार्यालय*

देवेन्द्रको लासको पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाइएको थियो । पीडित परिवारलाई २०६२ पुस २३ मा उपस्थित हुन खबर गरिएको थियो । सोही दिन पोष्टमार्टम सम्पन्न गरी परिवारजनलाई र नातेदारलाई लास बुझ्न खबर पठाउँदा २०६२ पुस २६ गतेसम्म कोही नआएपछि लास गन्हाउन थालिसकेको थियो । २६ गते बिहान गाविस कार्यालयलाई पत्र लेखी दिनको ४:३० बजे सोही कार्यालयले लास जिम्मा लिएको हो । मृतक देवेन्द्रको शरीरको दाहिने कुम तथा हातमा खोस्रिएको तथा कोतरिएको दाग देखिएको थियो । घटनाको सम्पूर्ण विवरण उल्लेख गरी भीसेरा जाँचको लागि काठमाण्डौ पठाइएको छ । २०६२ माघ १७ गते जिल्ला प्रशासन कार्यालय भोजपुरलाई घटनाबारे पत्राचार गरिएको थियो । हामीसँगको क्यामेरा बिग्रिएको कारण तत्काल मृतकको तस्वीर लिन सकिएन ।

प्रकाशचन्द्र सापकोटा, (२५ बर्ष)

*प्रहरीद्वारा लास जिम्मा लगाइएका भोजपुर गाविसका सचिव*

लास मलाई जिम्मा लगाईदैछ भन्ने थाहा पाएपछि अघिल्लो दिन २५ गते त म प्रहरी प्रशासनबाट छड्केरै बसेँ । भोलिपल्ट अर्थात् पुस २६ गते म बसिरहेको डेरामा बिहानै ४/५ जना प्रहरी आए र मलाई तपाईंलाई डीएसपी साबले लिएर आउनु भन्नुभएको छ, ल हिड्नुहोस् भनेर जिल्ला प्रहरी कार्यालय लिएर गए । जिप्रका पुग्नेबित्तिकै डीएसपीले मलाई हिजो कहाँ भागेको भनेर हकारे । म गाविसकै काममा थिए भनेँ । एउटा माओवादी मरेको छ, तिमीले लास बुझ्नु पर्‍यो भनेपछि इन्कार गरेँ । डिएसपीले लास नबुझे माओवादीलाई सघाएको आरोप लगाएर जेलभित्रै सडाईदिन्छु भनेपछि डरले म रोएँ । त्यहाँ जिविस सभापति संग्रामसिंह राई पनि आइपुग्नुभयो । सभापतिले डिएसपीलाई सचिव केटो ठिकै छ, हाम्रै मान्छे हो, सहयोग गरिहाल्छ भन्नुभयो र मलाई लास बुझ्न बाध्य पारियो । लास बुझेको कागजमा सही गरिदिएँ । त्यसपछि मलाई लास पुर्ने मान्छे खोज्न भनियो । लास गाड्न भनी जिल्ला प्रहरी कार्यालयबाट तीन हजार रुपैयाँ दिईयो । गाविसमा आएर मैले सूचना टाँसेपछि भोजपुर-२ बस्ने हीराकाजी श्रेष्ठले तीन हजार ज्यालामा पुस २६ गते लास पुरे ।

# निष्कर्ष तथा सुझाव

भोजपुर घटनामा सुरक्षाकर्मीद्वारा माओवादीको आशंकामा सर्वसाधारणलाई कब्जामा लिएर हत्या गरिएको छ । यसरी अनाहकमा निर्दोषलाई कब्जामा लिएर हत्या गर्ने र त्यसलाई दबाउन खोज्ने प्रवृतिले हिरासतमा यातना दिने दोषीलाई दण्डबाट मुक्ति मिलेको छ। यातनाका कारण जीवनको अधिकारबाट वञ्चित हुन पुगेका देवेन्द्र राईको यातनाबाट मुक्त रहन पाउने अधिकारको उल्लंघन भएको छ ।

घटनाको समग्र अध्ययनबाट सुरक्षाफौजले युद्धमा कुनै संलग्नता नरहेका राईलाई कब्जामा लिएर चरम यातना दिएर हत्या गरेको देखियो । नेपाल पक्ष राष्ट्र भएको यातना तथा क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८७ र नेपाल अधिराज्यको संविधान, २०४७ ले नागरिकका लागि प्रत्याभूत गरेका यातनाविरुद्धको हकको उल्लंघन भएको छ ।

यस घटनाबाट राज्य मानवअधिकारको पालना गर्न र अन्तर्राष्ट्रिय सन्धिप्रतिको दायित्व पूरा गर्न सचेत नभएको प्रष्टिन्छ । नेपालले अनुमोदन गरेका महासन्धिहरूको राज्यपक्षद्वारा पूर्णत पालना गरिनु आवश्यक छ ।

सरकारद्वारा यस घटनाको निष्पक्ष छानविनका लागि टोली गठन गरी दोषीलाई कारवाहीको भागिदार बनाउनुपर्दछ ।

मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सन्धि अनुगमन समन्वय समिति माग गर्दछ ।